# त्रिभुवन विश्वविद्यालय

## परीक्षा नियन्त्रण कार्यालय, बल्खु

### ४ वर्षे स्नातक तह प्रथम वर्षको नियमित परीक्षा दिने परीक्षार्थीहरुका लागि

### परीक्षा आवेदन फारम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार २०८० सालको ४ वर्षे स्नातक तह प्रथम वर्षको परीक्षा दिने मानविकी , शिक्षाशास्त्र, व्यवस्थापन संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फका नियमित परीक्षार्थीहरुले आ- आफ्नो क्याम्पस/कलेजमा मिति २०८० साल श्रावण २३ गते देखि २०८० भाद्र २२ गते सम्ममा नियमित दस्तुर र साधारण म्याद सकिएको एक हप्ता भित्र दोव्वर दस्तुर सहित आवेदन फारम भरि बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) परीक्षा आवेदन फारम सम्बन्धमा :-**

**क)** परीक्षा आवेदन फारम स्वयं विद्यार्थीले भरि सबै प्रक्रिया पुरयाइ आफैले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ । यसमा अन्यथा हुन गएमा त्रि.वि.प.नि.का. जवाफदेही हुने छैन ।

**ख)** परीक्षा आवेदन फारम भर्नको लागि हालसालै खिचेको (साधारण पोसाकमा ) पासपोर्ट साइजको २ प्रति फोटो आवश्यक पर्नेछ ।

**ग)** परीक्षा संचालन अवधि सम्म प्रवेशपत्रको प्रतिलिपि लिन परेमा परीक्षा आवेदन फारममा प्रयोग भए अनुसारको फोटो नै पेश गर्नु पर्नेछ ।

**२) परीक्षा आवेदन फारम भर्ने म्याद र शुल्क सम्बन्धमा:-**

**क)** काठमाण्डौ उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि.का.को नाममा परीक्षा आवेदन फारम शुल्कको बैंक भौचर परीक्षा आवेदन फारमको म्याद सकिएको २ दिन भित्र अनिवार्यरुपमा त्रि.वि.प.नि.का.बल्खूमा बुझाई सक्नुपर्नेछ । उपत्यका बाहिरका क्याम्पस ले उक्त बैंक भौचर आवेदन फारमको म्याद सकिएको ४ दिन भित्र क्षे.प.नि.का. हरुको कार्यक्षेत्र अर्न्तगतका क्याम्पसहरुले सम्वन्धित क्षे.प.नि.का.मा र प.नि.का बल्खुको कार्यक्षेत्र अर्न्तगतका उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.बल्खुमा बुझाई सक्नुपर्नेछ ।

**ख)** परीक्षा फारमहरु बुझाउदा संम्वन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फारम रुजु गराएर सम्वन्धित शाखामा बुझाउनु पर्नेछ ।

**३) परीक्षा शुल्क सम्वन्धमा:-**

| | |
|---|---|
| **क)** प्रत्येक परीक्षार्थीका लागि खण्ड शुल्क | रु ४७०/- |
| **ख)** परीक्षा आवेदन फारम शुल्क | रु ६०/- |
| **ग)** परीक्षा केन्द्र शुल्क | रु १००/- |
| **घ)** प्रयोगात्मक परीक्षा प्रति खण्ड विषयका लागि शुल्क | रु १५०/- |
| **ङ)** दुइ वा सोभन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु २७५/- |
| **च)** फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु २७५/- |

**४) परीक्षा शुल्क बुझाउने सम्वन्धमा:-**

**क)** काठमाण्डौ उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोवल आई.एम.ई.वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००१ मा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम जम्मा गरेको वैंक भौचर सहित फारम कार्यालयमा पेश गर्नुपर्नेछ।

**ख)** काठमाण्डौ उपत्यका बाहिरका क्याम्पसहरुले वल्खु स्थित नेपाल बैंक लिमिटेड अथवा ग्लोवल आई.एम.ई.बैंक लि.बल्खु शाखाबाट अथवा काठमाण्डौ उपत्यका भित्रका कुनै पनि बैंकवाट भुक्तानी पाउने गरी त्रि.वि. परीक्षा नियन्त्रण कार्यालयको नाममा बैंक भौचर वनाई फारम साथै पेश गर्नु पर्नेछ।

**ग)** क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियत्रन्ण कार्यालय, बिराटनगरको च.हि.नं.१०४००१००९२२१२००००१ नेपाल बैंक लिमिटेड, बजारअड्डा शाखा , विराटनगरमा रकम बुझाएको भौचर परीक्षा आवेदन फारम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

**घ)** क्षे.प.नि.का.नेपालगञ्ज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धि सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय ,नेपालगञ्जको च.हि.नं.२१०१०१०००००७६ ग्लोवल आइ.एम.इ.बैंक लिमिटेड, त्रिभुवन चोक शाखा नेपालगंजमा रकम बुझएको भौचर परीक्षा फारम सगै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

**ङ)** क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्वन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखराको च.हि.नं. ०९१००१०११०१३४००००१ नेपाल बैंक लिमिटेड बगर शाखा, पोखरामा परीक्षा सम्वन्धी शुल्कहरु जम्मा गरेको भौचर परीक्षा फारम संगै अनिवार्यरुपमा पेश गर्नुपर्नेछ।

**च)** क्षे.प.नि.का.अत्तरियाको हकमा काठमाण्डौ त्रि.वि.प.नि.का.वल्खु परीसरमा रहेको ग्लोवल वैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१००००५०० मा अथवा नेपाल वैंक लिमिटेड आम्दनी खाता नं. ०४५००१०००९९१०८००००१मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी त्रि.वि.प.नि.का.को नाममा वैंक भौचर पेश गर्नु पर्नेछ।

पुनश्च:-

१) परीक्षा आवेदन फारमको अनलाइन इन्ट्रि भाद्र १ गते देखि खुला हुनेछ।

२) परीक्षा आवेदन फारम भर्नुपर्ने विद्याथीहरुको रजिष्ट्रेशन गर्न छुट भएका क्याम्पसहरुले २०८० साल श्रावण मसान्त भित्र सम्वन्धित परीक्षा नियन्त्रण कार्यालयमा दोब्बर दस्तुर सहित रजिष्ट्रेशन फारम बुझाउन सूचित गरिन्छ। उक्त अवधि पश्चात विद्यार्थीहरुको दर्ता बिवरण अनलाइन मार्फत सम्वन्धित क्याम्पसमा पठाइने छ।

परीक्षा नियन्त्रक